# सेवा पुस्तिका/पर्चा

## Child Protection Support Service (ChildPRO)

Social Welfare Department (SWD) ले गैर–सरकारी संस्थाहरू (NGOs) लाई मार्च 2025 मा बाल संरक्षण सहयोग सेवा (ChildPRO नामको) अन्तर्गत छ वटा सेवा टोली स्थापना गर्न अनुदान प्रदान गरेको छ, जसले दुर्व्यवहारबाट प्रभावित तथा हानि/दुर्व्यवहारको जोखिममा रहेका बालबालिका तथा उनका परिवारलाई व्यावसायिक सहयोग बढाउन मद्दत गर्दछ।

ChildPRO लाई चरणबद्ध रूपमा कार्यान्वयन गर्ने क्रममा, सेवा टोलीले पहिलो चरण[नोट] मा Family and Child Protective Services Units (FCPSUs) बाट केस रिफरलहरू प्राप्त गर्दछ। रिफर गर्ने एकाइहरूसँगको सहकार्यपूर्ण साझेदारी मार्फत, सेवा टोलीले लक्षित ग्राहकहरू (जस्तै: बाल अनुशासन सम्बन्धि समस्या भएका परिवार, आफ्ना बालबालिकाको सुरक्षित हेरचाह गर्न कठिनाइ भएका अभिभावक, वा दुर्व्यवहार/हानि हुन सक्ने जोखिममा रहेका बालबालिका तथा परिवारहरू) लाई व्यावसायिक, केन्द्रित तथा लक्षित सहयोग प्रदान गर्दछ। साथै, सेवाग्राहीका लागि घर भ्रमण सहयोग, चिकित्सकीय/मनोसामाजिक समूहहरू, शैक्षिक तथा परिवार सुदृढीकरण कार्यक्रम, र साथ/एस्कर्ट सेवा आदि समेटेर विशेष रूपले तयार गरिएको सेवा योजना बनाइन्छ।

## सेवाका उद्देश्यहरू

1. दुर्व्यवहार वा सम्भावित हानि/दुर्व्यवहारबाट प्रभावित बालबालिकाका लागि सशक्त सुरक्षा वेब निर्माण गर्नको लागि विभिन्न विषयहरू र क्षेत्रहरूबिचको सहकार्यलाई प्रवर्द्धन गर्नु;
2. अभिभावक/हेरचाहकर्ताहरूको अभिभावकत्व क्षमता निर्माण तथा सुदृढ गर्दै उनीहरूका बच्चाहरूको स्थिर र स्वस्थ विकासको लागि घरमा सुरक्षित र स्वस्थ वातावरण प्रदान गर्ने पारिबारिक जिम्मेवारी लिन सक्षम बनाउनु;
3. आवश्यकताको मूल्यांकन अनुसार दुर्व्यवहार भोगेका वा संवेदनशील बालबालिकालाई लचिलोपन विकास गरी आत्म–सुरक्षाको क्षमता सुदृढ गर्दै सहयोग प्रदान गर्नु; र
4. सम्बन्धित सेवा एकाइहरूसँगको प्रभावकारी सहकार्य मार्फत बाल दुर्व्यवहारका घटनाहरू रोकथाम वा न्यूनिकरण गर्नु।

## लक्षित सेवाग्राहीहरु

सामाजिक कार्यकर्ताद्वारा रिफर गरिएका परिवारहरू [नोट]

[नोट] सेवा टोलीले FCPSUs तथा SWD र NGOs द्वारा सञ्चालित Integrated Family Service Centres / Integrated Service Centres बाट रिफरलहरू प्राप्त गर्दछ।

# सेवा पुस्तिका/पर्चा

## सेवाको दायरा

1. **घर भ्रमण सहयोग**
   नियमित घर भ्रमण मार्फत अभिभावक/हेरचाहकर्तालाई अभिभावकत्व सम्बन्धि सीप, बालअनुशासन तथा बाल हेरचाह सम्बन्धी कुरामा सहयोग प्राप्त गर्न सक्षम बनाउने उद्देश्यले पहुँच, अवलोकन, मूल्यांकन तथा अनुकूलित घर–आधारित तालिम प्याकेज, शीघ्र हस्तक्षेप, व्यवहारिक मार्गदर्शन तथा प्रत्यक्ष प्रदर्शन प्रदान गरिन्छ।

2. **समूह र व्यक्तिगत सत्र**
   आघातपूर्ण वा समाधान नभएका अनुभवहरुबाट बाहिर निस्किन सहयोग पुऱ्याउने उद्देश्यले लक्षित सेवाग्राहीहरूका लागि विशेष रूपले तयार गरिएका चिकित्सकीय/मनोसामाजिक समूह वा व्यक्तिगत सत्र सञ्चालन गरिन्छ। साथै, बालबालिकाको आत्म–सुरक्षा सीप तथा लचिलोपन विकास, अभिभावकत्व क्षमता सुदृढीकरणमा पनि सहयोग गरिन्छ।

3. **क्लिनिकल मनोवैज्ञानिक तथा नर्सिङ सहयोग**
   क्लिनिकल मनोवैज्ञानिक तथा नर्सिङ कर्मचारीको व्यावसायिक सहयोग मार्फत केस परामर्श / मूल्यांकन, सिफारिस / सुझाव प्रदान, तथा आवश्यक परेमा छोटो अवधिको क्लिनिकल उपचार पनि उपलब्ध गराइन्छ। साथै, सेवा योजनाको निर्माण तथा कार्यान्वयनको क्रममा समूह तथा वैयक्तिक सत्र सञ्चालन गरिन्छ।

4. **शैक्षिक तथा परिवार सुदृढीकरण कार्यक्रम**
   अभिभावक–बालबालिकाको बिचमा अन्तरक्रिया सहज बनाउने, परिवार–बालबालिका बिचमा सम्बन्ध सकारात्मक रुपमा विकास गर्ने, परिवारको कार्यक्षमता सुधार वा पुनर्स्थापना गर्ने, साथै आफन्त एवं नजिकका व्यक्तिहरूको सहयोग सञ्जाल पुनर्निर्माण गर्ने उद्देश्यले विविध शैक्षिक कार्यक्रम तथा परिवार–केन्द्रित गतिविधिहरू आयोजना गरिन्छ।

5. **स्ट्यान्डबाइयू**
   कम प्रेरित परिवारहरूको लागि विशेष हेरचाह / सहयोग, साथ–सहयोग / एस्कर्ट वा आवश्यक कामहरू सम्पन्न गर्न सहयोग प्रदान गरी अभिभावकत्व तनाव कम गर्ने तथा बाल हेरचाह सम्बन्धी समस्या समाधानमा मद्दत गरिन्छ। उदाहरणको लागि: चिकित्सक भेटघाट, केस कन्फरेन्स, विद्यालय, तालिम, समूह/कार्यक्रम, आकस्मिक अवस्था जस्तै आवासीय बाल हेरचाह सेवामा भर्ना, विशेष अवसरका पारिवारिक जमघट आदिमा साथ–सहयोग। मनोरञ्जनात्मक गतिविधिहरू, ट्यूटोरियलहरू वा साथीहरूको सहयोग, आदि जस्ता विभिन्न माध्यमहरू मार्फत आवश्यकतामा परेका केसहरूलाई सहयोग गर्न स्वयंसेवक सहयोग पनि उपलब्ध गराउन सकिन्छ।

## लाग्ने शुल्क

निःशुल्क वा शुल्क नलाग्ने

# सेवा पुस्तिका/पर्चा

## सेवा टोलीहरूको सूची

| टोली | सेवा सञ्चालक र एकाइको नाम | सेवा प्रदान गर्ने जिल्लाहरू* | सम्पर्क विवरण |
|---|---|---|---|
| 1 | **St. James' Settlement** | • Central, Western, Southern & Islands<br>• Eastern & Wan Chai | ठेगाना : Room 1802-1806, 18/F, C.C. Wu Building, 302-308 Hennessy Road, Wan Chai, Hong Kong<br>टेलिफोन: 3619 5123<br>फ्याक्स : 3619 5022<br>इमेल : cschildpro@sjs.org.hk |
| 2 | **Hong Kong Catholic Marriage Advisory Council (The)** | • Kwun Tong<br>• Tseung Kwan O<br>• Sai Kung | ठेगाना : Room 1011-1012, 10/F, Chevalier Commercial Centre, 8 Wang Hoi Road, Kowloon Bay, Kowloon<br>टेलिफोन: 2810 1002<br>फ्याक्स : 2810 1060<br>इमेल : childpro@cmac.org.hk |
| 3 | **Salvation Army (The)** | • Wong Tai Sin<br>• Kowloon City<br>• Yau Tsim Mong | ठेगाना : 10/F, Wing Kwok Centre, 182 Woosung Street, Jordan, Kowloon<br>टेलिफोन : 2267 9698<br>फ्याक्स : 2267 9798<br>इमेल : ChildPRO.yfc@hkm.salvationarmy.org |
| 4 | **Boys' and Girls' Clubs Association of Hong Kong (The)** | • Sham Shui Po<br>• Tsuen Wan<br>• Kwai Chung<br>• Tsing Yi | ठेगाना : Room 4511B-4515, 45/F, Metroplaza Tower 1, 223 Hing Fong Road, Kwai Fong, New Territories<br>टेलिफोन: 2672 2868<br>फ्याक्स : 2672 2882<br>इमेल : bgcachildpro@bgca.org.hk |
| 5 | **Tung Wah Group of Hospitals** | • Shatin<br>• Tai Po<br>• North | ठेगाना : Room 1901-1903 and 1918, 19/F, Shatin Galleria, 18-24 Shan Mei Street, Fo Tan, New Territories<br>टेलिफोन : 2157 2232<br>फ्याक्स : 3583 2208<br>इमेल : childpro@tungwah.org.hk |
| 6 | **Hong Kong Sheng Kung Hui Welfare Council Limited** | • Tuen Mun<br>• Yuen Long | ठेगाना : Room 308-309, 3/F, Tower 1, One North, 8 Hong Yip Street, Yuen Long, New Territories<br>टेलिफोन : 2117 3626<br>फ्याक्स : 3586 3020<br>इमेल : liucpss@skhwc.org.hk |

* SWD को 11 प्रशासनिक जिल्लाहरुको सेवा सीमा अनुसार

## कार्य सञ्चालन समय

✧ प्रत्येक सेवा टोलीले हप्तामा कम्तिमा 4 वटा दिनको सत्र (अर्थात् बिहान 9 बजेदेखि साँझ 6 बजे सम्म) र 2 वटा मध्यान्ह-रातको सत्र (अर्थात् दिउँसो 1 बजेदेखि राति 9 बजेसम्म) सञ्चालन गर्दछ (सोमबारदेखि शनिबारसम्म)
✧ आइतबार र सार्वजनिक बिदाको दिनहरूमा बन्द रहने
✧ प्रत्येक टोलीको फरक सञ्चालन समयको बारेमा बुझ्नको लागि, कृपया उनीहरूको सेवा पुस्तिकाहरू हेर्नुहोस्।

**Social Welfare Department**
**Family and Child Welfare Branch**
**July 2026**